श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. ३६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम्।**

शिक्षा ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "शिक्षा (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. शिक्षा ऐन, २०२८ को दफा १६ मा संशोधनः शिक्षा ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा १६ को उप–दफा (३) झिकिएको छ।

३. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः–

"१७. दण्ड सजायः (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिबाट हिनामिना वा नोक्सान भएको सम्पत्ति बिगो सरकारी बाँकी सरह असूलउपर गरिनेछ र बिगोको अंकसम्म जरीवाना समेत हुन्छ।

८१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्त–र्गत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले देहायबमोजिम सजाय गर्न सक्नेछ:–

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्राबास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) कसूरको मात्रा हेरी बढीमा दुई हजार रूपैयाँसम्म जरीवाना गर्ने,

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने।"

४. मूल ऐनमा दफा १७क. १७ख. र १७ग. थप: मूल ऐनको दफा १७ पछि देहायको दफा १७क. १७ख. र १७ग. थपिएका छन्:–

"१७क. सम्पत्तिसम्बन्धी मुद्दाको तहकिकात र दायरी: (१) सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १७ को उप–दफा (१) बमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको तहकिकात तोकिएको अधिकारीले गर्नेछ र यस्तो तहकिकातको काम पूरा गरी मुद्दा हेर्ने अधिकारी–समक्ष सम्बन्धित विद्यालयको नामबाट मुद्दा दायर गर्नेछ ।

(२) उप-दफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा तोकिएको अधिकारीले सरकारी वकीलको राय सल्लाह लिन सक्नेछ ।

१७ख. मुद्दा हेर्ने अधिकारी: दफा १७ को उप-दफा (१) बमोजिम सजाय हुने कसूर-सम्बन्धी मुद्दामा प्रमुख जिल्ला अधिकारीले कारवाई र किनारा गर्नेछ।

१७ग. श्री ५ को सरकार वादी हुने: दफा १७ को उप-दफा (१) बमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दा श्री ५ को सरकार वादी हुनेछ।"

५. मूल ऐनको दफा १८ मा संशोधन: मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ:–

"१८. पुनरावेदन: (१) दफा १७ख. अन्तर्गत प्रमुख जिल्ला अधिकारीले गरेको सजायको आदेशउपर पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ।

(२) दफा १७ को उप–दफा (२) अन्तर्गत तोकिएको अधिकारीले गरेको परीक्षाबाट निष्काशनको सजाय बाहेक अन्य सजायको आदेशउपर तोकिएको म्यादभित्र तोकिएको अधिकारीसमक्ष पुनरावेदन लाग्नेछ ।"

६. मूल ऐनको दफा २१ मा संशोधन: मूल ऐनको दफा २१ को उप–दफा (१) पछि देहायको उप–दफा (१क) थपिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१क) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाई चलाउन बाधा पर्ने छैन ।"

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

८२०

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार